सधै र सबैको लागि खबर खोज्ने अभियान

# खबर दर्पण

Khabar Darpan National Daily

राष्ट्रिय दैनिक

विज्ञापन गराउन सम्पर्क गर्नुहोस्।

यस खबर दर्पण दैनिक पत्रिकामा आफ्नो पसल, व्यापारिक प्रतिष्ठान, उद्योग, संघ संस्था, लगायतको प्रचार प्रसारको लागि अवश्य सम्पर्क गर्नुहोस्।

सम्पर्क नं. : ९८४४०२५१८४, ९८०७६७५१२५, ९८५४०२९०५३, ९८०७८५०५८१, ९८६३६३२९८९

♦ वर्ष ७ ♦ अंक १७३ ♦ २०८० साल चैत्र २ गते शुक्रबार ♦ 15 March 2024 ♦ पृष्ठ ४ ♦ मुल्य रु. ५ www.shirishnews.com

# सुगम वर्दिवास नगर भित्रको दुर्गम गाउँको कथा :

## जहाँको मानिससँग असुविधाको चरम पीडा र अभावले जेलिएका दर्दनाक कथाहरू छन्





● *विशाल बस्नेत*

खरले छाएका स-साना घर, वर पर भिरालो बारीका गह्रा, माथि अजंगको चुरे पहाड, तलतिर मरहा खोलाको फराकिलो किनार, वरपर घनाजंगल । बर्दिवास नगरपालिकाको वडा नम्बर ५ मा पर्ने बरडाँडाको उपल्लो क्षेत्रमा पुगेपछि देखिने प्राकृतिक भू-धरातल हो, यो । यसले आफैंभित्र सिर्जना हुने प्रश्नहरूमा जो-कोहीलाई निकै बेर सोच्न बाध्य पार्छ ।

यस्तो ठाउँमा पनि मानिस कसरी बस्छन् ? जीविकोपार्जन कसरी गर्छन् ? बजारसम्म पुग्न कुन बाटो प्रयोग गर्छन् ? भिरालो जमिनमा के उत्पादन हुन्छ ? यति ठूलो घनाजंगलमा वन्यजन्तुहरूको त्रास कत्तिको होला ? बिरामीलाई उपचारको लागि शहरसम्म कसरी लैजान्छन् ? यहाँ पुग्ने जो-कोहीको मनमा आउने प्रश्नहरू हुन् यी ।

प्रकृतिले नै घेराबन्दी गरेको देखिने यो गाउँका मानिस कति प्रताडित छन् भन्ने देख्ने अवसर मैले केही दिन अघि पाएँ । यो राजनीतिक सीमाका हिसाबले महोत्तरीको बर्दिवास नगर पालिकामा पर्ने तर चुरेको उपल्लो बरडाँडा र त्योसँग सिमाना जोडिएको बर्दिवास-१० मा पर्ने भित्रीखोला भनिने गाउँको कथा हो ।

वर्षा सुरु भएपछि यी गाउँमा मरहा खोलाको बाढीले स्थानीयलाई नाकाबन्दी नै गर्छ । बजारसम्म पुगेर खाद्यान्न ल्याउन तीन महिना जसो पर्खनुपर्छ, बालबालिका विद्यालय जान सक्दैनन्, बिहान, बेलुकाको छाकका लागि आफ्नै उत्पादनमा निर्भर हुनुपर्छ । पालेका बाख्राहरू बेला-बेलामा बाघ, चितुवाको सिकार बन्ने गर्दछन् । जंगल गएका मानिस कसरी फर्कन्छन् भने त्रासमा नै बाँच्नुपर्छ । कतिपय त वन्यजन्तु आक्रमणको सिकार पनि हुन्छन् ।

### अनि डराउँछन् स्थानीय

चुरे पहाडको काखमा रहेका यी गाउँका मानिससँग असुविधाको चरम पीडा र अभावले जेलिएका दर्दनाक कथाहरू छन् । यस्तो पीडा भोग्ने मध्ये सुकुमाया घलान एक हुन् । स्वस्थ हावा र हराभरा वातावरण भएर के गर्नु सुकुमायालाई आजकाल आफ्नै वनपाखा र ठाउँप्रति रिस उठेर आउँछ ।

बजार जाँदा काँधमा बोकेको आफ्नो अबोध नाति गुमाएकी छिन् उनले । 'असारको समय थियो, मेरी छोरी नाति बोकेर मरहा खोला तर्ने कोसिस गर्दै थिई । बाढी आएको थियो तर पनि मानिसहरू कष्टसँग आवतजावत गर्दैथिए । त्यो दिन नसोचेको भयो । छोरी त बाँची काँधमा बोकेको पाँच वर्षीय नाति बचाउन सकिनँ', उनले भनिन् ।

सुकुमायाको पाँचवर्षे नाति मात्रै हैन जँघार तरेर बजार जानैपर्ने थुप्रै गाउँलेलाई मरहाको बाढीले यसैगरी बगाएको छ, कतिलाई निलेको छ । बालबालिका विद्यालय जाँदा बाढीले अत्याएर घर फर्केका उदाहरण कति छन् कति । अनि यसरी खोला तर्दातर्दै बगाएर तलसम्म पुर्याएका घटना पनि उत्तिकै छन् ।

*बाँकी पृष्ठ २ मा*

सस्तो सुलभ र गुणस्तरीय छपाइको लागि अवश्यक सम्झनु होस् ।

शिरीष अफसेट प्रेस

बर्दिवास नगरपालिका-१ राष्ट्रिय वाणिज्य बैंक नजिकै), महोत्तरी

✓ पत्रिका
✓ क्यालेण्डर
✓ रजिष्टर, डाइरी
✓ किताब
✓ परीक्षा कपी
✓ पर्चा पम्पलेट
✓ बिल, भाउचर,



✓ स्क्रिन प्रिन्ट
✓ विवाह कार्ड
✓ प्रमाण पत्र
✓ भिजिटिङ्ग कार्ड
✓ झोला प्रिन्ट
✓ रबर स्टाम्प




✓ फ्लेक्स प्रिन्ट
✓ ब्यानर प्रिन्ट
✓ होर्डिङ्ग बोर्ड
✓ स्टिकर
फाइल



साथै होम डेलिभरीको सुविधा छ ।

सम्पर्क नम्बर: ९८४४०२५१८४, ९८०७६७५१२५, ९८१५८८९६८२

# सुगम वर्दिवास नगर भित्रको दुर्गम गाउँको..........

'के गर्नें हजुर हामीलाई कहिलेकाहीं त यो देशको नागरिक नै पो हैनौं कि जस्तो पनि लाग्छ' स्थानीय ललित मोक्तानले भने, 'गाउँमा झन्डै २२० घर धुरी छन्, नेताहरू भोट फकाउन बाहेक गाउँ छिर्दैनन् ।'

हुन पनि मरहा खोला आतंकको सिकार यही गाउँका अरू ३ जना पनि भएका छन् । अघिल्लो वर्ष एक जना बुहारीले ज्यान गुमाइन् भने त्योभन्दा अगाडि अरू दुई छोराहरूले ज्यान गुमाएका थिए । त्यसैले गाउँलेलाई आजकल आफ्नो वरिपरिको हराभरा प्रकृति नै शत्रु जस्तो लाग्छ ।

यसरी माथितिरको अग्लो पहाड, वरपर देखिने घनाजंगल अनि तल देखिने मरहा खोला यहाँका रहेक गाउँलेको दुःखको मुख्य कारण भएको छ । वडाअध्यक्ष काहरमान स्याङ्वा गाउँ माथिको डाँडो देखाउँदै घास काट्न जाँदा एक जनाले ज्यान गुमाएको स्मरण गर्दछन् । उनी भन्छन्, 'त्यतिवेला हामी अलि सानै थियौं, घाँस काट्न गएकी गाउँकी काकी नफर्किएपछि जंगलमा खोज्न गयौं । पछि थाहा भयो उनी बेसारे डाँडा नजिकैको भीरबाट लडिछन् ।'

उनले भने, 'हामी सजिलै त्यो भीरमा उक्लिन सकेनौं, जसोतसो त्यहाँ पुगे पनि काकीको शव ल्याउन सक्ने अवस्था थिएन । अनि त्यही भीरको तलपट्टि खाल्डो खनेर गाडेर फर्किएका थियौं ।'

गाउँको अर्को ठूलो समस्या वन्यजन्तुको खतरा हो । जंगल प्रशस्त भएकाले गाउँलेले पशु-चौपाया पालेका छन् । खोर भरी बाख्रा बाँधेर फर्किएका किसान बिहान ती जिउँदै होलान् नहोलान् भन्ने द्विविधामा हुन्छन् । स्थानीय रामस्वगरथ यादव भन्छन्, 'वन्यजन्तुको आक्रमणको डर दिनहुँ हुन्छ । जंगलमा चरिचरनमा छाडेका बाख्रा हुन् वा खोरमा बाँधेका पशु-चौपाया जोगाउने त्रास रहिरहन्छ ।'

२४ फागुन २०८० को कुरा हो, स्थानीय हीरा आले, बुद्ध आले र एकलाल कालिकोटेको खोरमा बाँधिराखेका ३ वटा बाखा बाघले मारिदियो । स्थानीय लालबहादुर खड्काका भनाइमा 'दैनिकजसो वन्यजन्तुले पशु चौपाया माथि आक्रमण गरिरहन्छन् ।'

गाउँका भीरपाखाहरूमा प्रशस्त आँपका रूखहरू छन् । सिजनमा तिनमा असाध्यै राम्ररी फल पनि लाग्छ । तर बजारसम्म पुर्याउन नसक्दा ती आँप त्यसै कुहिन्छन् । 'आँप पाक्ने समयमा वर्षा सुरु भइसक्छ । हामीसँग बजार जोड्ने अन्य वैकल्पिक मार्ग छैन । अनि फ्याँक्नु बाहेक के नै गर्न सकिन्छ र ?' स्थानीय लालबहादुर मोक्तानले भने, 'दुःखले बाँच्नुपरेको छ र बाँचिरहेका छौं हजुर ।'

बिरामी हुँदा तत्काल उपचार गर्न जान सजिलो छैन । घरदेखि बोकेर लैजाँदा कतिपयले बाटोमा नै प्राण त्यागेको नमिठो सम्झना स्थानीयसँग छ । उपचार अभावमा अहिलेसम्म थुप्रै सुत्केरीले ज्यान गुमाइसकेको स्थानीयको भनाइ छ ।

'छेउमा नै स्थानीय सरकार छ तर हामीले कहिल्यै महसुस गर्न सकेका छैनौं', एक स्थानीयले भने । 'हामीले हरेक निर्वाचनमा १८० मत दिने गरेका छौं । यसपालि झन् बढेको छ । तर, उनीहरूले सपना देखाउन बाहेक केही जानेका छैनन् ।'

वडा अध्यक्ष काहरमान स्याङ्वाले भने थोरै भए पनि मल्हम लगाउने प्रयास गरिरहेको स्थानीयले महसुस गरेका छन् । अध्यक्ष स्याङ्वाको पहलमा प्रधानमन्त्री स्वरोजगार कार्यक्रमबाट जंगलको बीचै-बीच गोरेटो बाटो निर्माण भएको छ ।

केटाकेटीलाई स्कुल पढ्न जान समस्या छ । बरडाँडाकी अस्मिता घिसिङ अहिले कक्षा-४ मा पढ्छिन् । वर्षायाममा जँघार तरेर स्कुल जानुपर्ने बाध्यताले उनले सरकारले दिएको बिदा भन्दा बढी बिदा बसेर भए पनि जेनतेन कक्षा-४ पास गरिन् । मरहा खोलामा आउने बाढीले उनलाई सयौं पटक तर्साएको छ । आफ्नै गाउँको फुच्चे आलेलाई नभेटिने गरी बगाएको उनी अहिले पनि झलझल्ती सम्झिन्छिन् ।

आधारभूत कक्षा सकेपछि अस्मिता दाइहरूसँगै बर्दिवास वा टुटेस्वर गएर पढ्ने सोचमा छिन् । उनी जस्ता यहाँका धेरै विद्यार्थी बर्दिवास र टुटेस्वरमा बसेर पढ्छन् । यो गाउँबाट नजिक भनिएको विद्यालय राष्ट्रिय नेपाल आधारभूत विद्यालय पुग्न पनि बालबालिकालाई डेढ घन्टा लाग्छ । खोला तरेर जानु बाहेक अर्को बाटो छैन ।

५ कक्षादेखि माथि कि त टुटेस्वरनाथ माध्यमिक विद्यालय पुग्नुपर्छ नत्र खयरमाराको राष्ट्रिय माध्यमिक विद्यालय पुग्नुपर्छ । उनीहरूलाई घरबाट यी विद्यालयमा पुगेर पढ्न सम्भव छैन । त्यसैले यहाँका अधिकांश विद्यार्थी बर्दिवास बजार र टुटेस्वरमा कोठा लिएर पढ्न बसेका छन् ।

जसले कोठा भाडामा लिएर बसेर पढ्न सक्दैन उनीहरूको पढाइ छुट्छ । वडा अध्यक्ष स्याङ्वाका भनाइमा अहिले गाउँका झन्डै १३० विद्यार्थी माध्यमिक तह अध्ययनको लागि यसरी बस्छन् ।

## मन भुलाउने बेसारे डाँडा

यो गाउँबाट झन्डै एक घन्टा हिंडेपछि बेसारे डाँडा पुगिन्छ । यहाँका मानिसहरूको दुःख-सुख भुलाउने यही डाँडो हो । २६ फागुन २०८० मा उद्योग वाणिज्य संघ बर्दिवासले आयोजना गरेको पर्यटकीय पदयात्राको क्रममा यो डाँडामा पुग्दा स्थानीय गाउँलेको एकमात्र अनुरोध थियो कि- यो डाँडो सबैको साझा बनोस् र पर्यटकीय क्षेत्रको रूपमा विकास होस् । बेसारे डाँडोलाई सरकारले देखे आफूहरूको पीरमर्का माथि पनि ध्यानाकर्षण हुन्थ्यो कि भन्ने उनीहरूलाई लाग्छ । 'पीडा बोकेर हामी सयौं पटक स्थानीय सरकारकोमा गयौं तर सुनुवाइ भएन ।' ज्ञानबहादुर भोलनले भने, 'हामीलाई सहयोग नगरे पनि कमसेकम बेसारे डाँडोलाई सरकारले ध्यान देओस् !'

स्थानीयले भने जस्तै बेसारे डाँडो साँच्चिकै मनोरम पनि छ । यसको शिखरबाट तराईका उर्बर फाँट, बर्दिवास बजार अवलोकन गर्न सकिन्छ । यहाँबाट सर्लाहीको लालबन्दी बजार, सिन्धुलीको कमलामाई बजार राम्ररी देखिन्छ ।

डाँडासम्म पुग्न गोरेटो बाटो बनेको छ । प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत बनाइएको यो गोरेटो वनकुन्जबाट छिचोल्दै बनाइएको हो । जसलाई आगामी वर्षाबाट वैकल्पित पदमार्ग बन्न सक्ने अपेक्षा पनि गाउँलेहरूले लिएका छन् । झन्डै ६ किलोमिटर गोरेटो बाटो बनेपछि स्थानीयहरूमा अब आफ्नो बस्ती पनि सुगम बन्छ कि भन्ने आशा पलाएको छ ।

बेसारे डाँडा अवलोकन गर्न सहभागी भएकाहरूलाई यो क्षेत्रको विकासमा के गर्न सकिन्छ भनेर हामीले सोधेको थियौं । 'बर्दिवासबाट चुरे पहाडको प्राकृतिक विचरण गर्न जीपलाइन महत्वपूर्ण सम्भावना रहन सक्छ' बर्दिवास उद्योग वाणिज्य संघका अध्यक्ष विष्णु खड्काले भने, 'यसबाट विकट गाउँहरूको आर्थिक उन्नति हुन्छ ।'

स्थानीय वनबहादुर स्याङ्तान थप्छन्, 'केही आशा पक्कै गरेका छौं । जसले हाम्रो विकटतालाई विस्थापन गरि

*बाँकी पृष्ठ ३ मा*

## भाग्य चक्र

(ज्यो. हरिकृष्ण उपाध्याय)

**मेष** - सामाजिक कामबाट प्रशंसा प्राप्त हुनेछ। धार्मिक, सामाजिक र सांस्कृतिक सभासमारोहमा सरिक हुने सम्भावना छ। बौद्धिक क्रियाकलाप, दर्शन र चिन्तनप्रति झुकाव बढ्ने छ।

**वृष-** व्यवहारिक र घरायसी काममा समय र धन खर्च हुनेछ। लामो यात्राको योग छ । पती-पत्नी बीचको सम्बन्ध अझ प्रगाढ हुनेछ । धार्मिक यात्राको योग रहेको छ ।

**मिथुन-**लामो समयपछि रस रङ्गको चाहना पूर्ण हुने योग आएको छ। दाम्पत्य सम्बन्धमा सुमधुरताको प्राप्ति हुनेछ। बालबच्चाबाट पनि सुख सन्तोष प्राप्त हुनेछ।

**कर्कट** - समय अनुकुल छ । व्यापार व्यवसायमा उन्नतीको योग छ। शैक्षिक गतिविधिमा रुचि बढ्नेछ । यात्रा हुने योग छ । अचल सम्पती जोर्न सकिन्छ ।

**सिंह** -खराब समय छ। स्वास्थ्यमा अचानक गडबडी आउने सम्भावना देखिन्छ। सानोतिनो चोटपटक नै पनि लाग्न सक्छ, सचेत एवं सावधान रहनु होला।

**कन्या** - सामाजिक कामको दायित्व थपिने छ। वित्तीय क्षेत्र र व्यापारिक लगानीका लागि नयाँ काम गर्न उचित समयको योग छ। भाइबहिनी र छोराछोरीले मनग्ये सहयोग गर्नेछन्।

**तुला** -अपूरा कार्य पूर्ण हुनेछन्। धार्मिक तथा आध्यात्मिक क्षेत्रतर्फको काममा सहभागी बन्नु पर्नेछ सानोतिनो लाभदायक यात्राको सम्भावनालाई नकार्न सकिंदैन।

**वृश्चिक** -अध्ययन, अध्यापन र लेखनकार्यमा उच्च सफलता प्राप्त हुने छ। व्यावहारिक र प्राविधिक काममा विशेष सफलता प्राप्त हुने छ। आम्दानीका मार्गहरु खुल्ला रहनेछन्।

**धनु** - आर्थिक क्षेत्र सबल र हने छ भने स्वास्थ्य पनि सकारात्मक रहने छ। कार्य सफल हुँदै जानेछ। प्रेमिका संग रमाइलो यात्रा हुन सक्छ।

**मकर** -समय राम्रो छ। अन्न फलफूल आदि कृषिजन्य व्यवसायबाट राम्रो आर्थिक उपार्जन हुने योग छ। नोकरी बाट सन्तोष लिन सकिनेछ।

**कुम्भ**-प्रतिकूल समय छ, त्यसैले विश्वास गरेका व्यक्तिबाट नै विश्वासघात हुने सम्भावना छ। अशान्ति र अराजकताका समाचार सुन्नु पर्ने हुनसक्छ। दाम्पत्य सम्बन्धमा पनि तालमेल बिग्रन सक्छ।

**मीन** - मानप्रतिष्ठा र सामाजिक मर्यादामा अभिवृद्धि हुनेछ। व्यवहारिक र घरायसी काममा समय र धन खर्च हुनेछ। लामो यात्राको योग छ । उपहारआदी प्राप्त हुनेछ ।

## आवश्यक टेलिफोन नम्बरहरू

### जनकपुर

| | |
|---|---|
| धनुषा अस्पताल तथा अनुसन्धान केन्द्र प्रा.लि. | ५२५८०० |
| जनपा वारुण यन्त्र | ५२००११ |
| एम्बुलेन्स (सरोज फाउण्डेशन) | ५२२८०६ |
| एम्बुलेन्स (मारवाडी सेवा समिति) | –५२२७६२, ५२१७८४ |
| एम्बुलेन्स (जानकी मेडिकल कलेज) | –५२६०९०, ५२६०९१ |
| महाविर युवा कमिटी ऐंबुलेंस् | २५९८० |
| कृष्णा नर्सिग होम | ५२१९१८ |
| जनकपुर मेडिकल सेन्टर | ५२०७१४ |
| जिया अल्ट्रासाउण्ड इमरजेन्सी सेन्टर | ५२३३२८ |
| जनकपुर रेल्वे | ५२०२११ |
| आँखा अस्पताल | ५२०३९७ |
| जनकपुर सुरक्षा गुल्म | ५२०१८६/५२६५८६ |
| प्रहरी | ५२००९९ |
| एम्बुलेन्स रेडक्रस | १०२ |
| जनकपुर अञ्चल अस्पताल | ५२००३३ |
| बछार प्रसुति सेवा केन्द्र | ५२२४५७ |
| विद्युत फ्युज शाखा | ५२०१५१ |
| बुद्ध एयर | ५२५०२२ |
| गोर्खा एयर | ५२१२९४ |
| सीता एयर | ५२५९९० |
| जानकी केबल टिभी नेटवर्क | ५२३७२८ |

### वर्दिवास

| | |
|---|---|
| बर्दिवास अस्पताल | ५५००९० |
| ट्राफीक प्रहरी | ५५००५५ |
| छिन्नमस्ता सशस्त्र प्रहरी गण | ५५०४०४ |
| जिल्ला खानेपानि (गौरी डाडाँ ) | ५५०००५ |
| ढल्केवर (नो लाईट) | ०४१-५६००६८ |
| सुरक्षा क्याम (रेडियो नेपाल) | ५५००२३ |
| बर्दिवास नगरपालिका | ५५००३१ |
| खानेपानि कार्यालय | ५५०११० |
| प्रहरी | ५२०१९९ |
| प्रहरी | ५२००९९ |
| बर्दिवास दुरसञ्चार | ५५०००० |
| विद्युत कार्यालय | ५५०३७२ |
| नेपाल परिवार नियोजन संघ | ५५०१०७ |
| इलाका प्रहरी कार्यलय वर्दिवास | ५५०००६ |
| खानेपानी बर्दिवास | ५५०१४३ |
| रेडक्रस एम्बुलेन्स | ५२०१०० |
| खानेपानी हात्तीलेट वर्दिवास-८ | ९७०३८९१४२५ |
| शूभ स्वस्तिक हस्पिटल | ५५०२५५ |
| जनसेवा हस्पिटल | ५५०४०६ |
| बर्दिवास आँखा अस्पताल | ५५०४७७ |
| एकिकृत सेवा केन्द्र बर्दिवास | ५५०६६८ |
| IRDS समाज सहकारी अस्पताल | ५५०४०१ |

### ढल्केवर

| | |
|---|---|
| खानेपानी | ९८२४८०५९५० |
| इलाका प्रहरी कार्यालय | ०४१-५६०१०० |
| प्रहरी | ५२००९९ |
| विद्युत फ्युज शाखा | ०४१-५६०१६८ |
| एम्बुलेन्स | ९८०४८६७५५४ |
| एम्बुलेन्स | ९८१५८३२०३२ |
| ओम शान्ति पोलिक्लिनिक | ०४१-५६०१५२ |

### जलेश्वर

| | |
|---|---|
| अस्पताल | ५२००७० |
| प्रहरी | ५२०००९ |
| अस्थायी प्रहरी चौकी भीठामोड | ५२०२०९ |
| एम्वुलेन्स | ५२०१०० |
| विद्युत् | ५२००६६ |
| विद्युत् | ५२०११६ |

### महेन्द्रनगर

एम्बुलेन्स
(सोसल वेलफेयर & रिसर्च सेन्टर) ४१-५४०२३२
महेन्द्रनगर,धनुषा ९८४४०२४४५०/
९८०४८२५८६०

एम्बुलेन्स
(हिमालय युवा क्लव नक्टाझिज) ०४१-६२०४९१
९८०४८१५१२६

इलाका प्रहरी कार्यालय महेन्द्रनगर ५४०१९९
विद्युत प्राधिकरण महेन्द्रनगर ५४०१६१

# जलेश्वर नगरपालिकामा मिथिला माध्यमिकी परिक्रमालाई भव्य स्वागत

**गणेशकुमार सिंह**
**चैत्र १ गते, महोत्तरी**

मिथिला माध्यमिकी परिक्रमा बिहिवार बिहानै महोत्तरीको सदर मुकाम जलेश्वर आईपुगेको छ।गत आइतबार धनुषाको मिथिलाविहारी ८ ठेराकचुरी स्थित मिथिलाविहारी कुटी मन्दिर )बाट थालिएको सो यात्राका सहभागी चौथो दिन महोत्तरी प्रवेश गरेका हुन् ।

मिथिला बिहारी र किशोरीजीको डोला सहितको माध्यमिकी परिक्रमालाई जलेश्वर नगर पालिकामा नगर प्रमुख सुरेश साह सोनार तथा जलेश्वर वासीले भागेश्वर कुट्टीमा बिहान स्वागत गरेका छन् ।

जलेश्वर स्वास्थ्य, सरसफाई, बिजुली र त्रिपाल सहितका विविध व्यवस्थापनमा नगर पालिकाले नेतृत्व गरेको छ भने परिक्रमावासीको सुरक्षालाई मध्यनजर गर्दै जिल्ला प्रसासन कार्यालय महोत्तरीबाट आवश्यक सुरक्षा अवस्था समेत मिलाइएको छ। नगरप्रमुख साहले गत वर्षहरु भन्दा बढी श्रद्धालु यस पटकको परिक्रमामा सहभागि भएपनि लाख भन्दा बढीको संख्यामा रहेकोमा यकिन संख्याभ न्न नसकिने बताए।

उनले परिक्रमामा आएका साधुसन्तहरु तया खाल्माको माँग परिक्रमा साउजी पट्टि रहेको पडाव स्थल विशेष व्यवस्थापन भएको बताए ।

बिहीबार दिउँसो देखि नै राती को लागी जलेश्वरमै विश्राम गरे श्रद्धालु भग्तहरुको लागी जलेश्वरवासीले परि क्रमायात्रीहरुलाई पानी,गुड, चिउरा तथा राशपानी समेतको व्यवस्था गरेका छन् । बिहीबार दिनभरि नै परिक्रमावासी तथा परिक्रमामा मेला तथा डोलाहरुको दर्शन गर्न आएका हजारौ स्थानियहरु परिक्रमा स्थलमा व्यवस्थापन समेत भएको बताए ।

परिक्रमाको स्वागतको लागि मटिहानीमात्र नभई परिक्रमा गुजने जलेश्वर,मडई, ध्रुवकुण्ड, कंचनवनमा समेत तयारी अन्तिम चरणमा छ। जनेश्वर नगरपालिका महोत्तरी गाउपालिका, बलवा नगर पालिका र भंगहा नगरपालिका परिक्रमा व्यवस्थापनमा प्रत्यक्ष लागेका छन।

परिक्रमाको पूर्व तयारी स्वरुप जलेश्वर नगरपालिकाले जलेश्वर स्थित पडाव स्थलमा विजुनीवती, खानेपानी, स्वास्थ्य तथा अन्य आवश्यक व्यवस्थापन गरेको छ भने यता जलेश्वरमा परिक्रमालाई स्वागत गर्ने मुख्य धार्मिक संस्थाको रुपमा रहेको स्व. परशुराम साह मिथिला परि क्रमा जलेश्वरका पदाधिकारी तथा स्थित भगेश्वर कटीबाट नै मिथिला विहारीको डोलानाई



स्वागत गर्दै परिक्रमा पडाव संस्थाले परिक्रमामा आएका साधु मन्तहरुलाई विभिन्न खाद्य सामग्री, दाउरा ,पराल लगायतको सामग्री समेत संस्थाकै तर्फबाट उपलब्ध गराएका छन् ।

परिक्रमा पडाव स्थलमै रहेको उक्त धर्मसंस्थाको पोखरी तथा संस्था अन्तर्गतको आङ्ग+ नो विभिन्न जग्गाहरुबाट प्राप्त हुने आयवाट परिकामा आएको साधुसन्तहरुलाई सो सेवा गर्दै आइरहेका छन् ।

भगवान, ऋषिमुनी, महार्षी, साधुसन्तको तपोभूमि स्थलहरुको परिक्रमा गर्दा पुण्य मोक्ष प्राप्ती हुने अटल विश्वासका साथ १५ दिने माध्यमिकी परिक्रमा सुरु भएकोमा परिक्रमावासीलाई गरिने सेवाने समेत पुण्यफल प्राप्त हुने भएकोमा परिक्रमा स्थलहरुमा हजारौको संख्यामा स्थानियहरु समेत पुग्ने गरेका छन। डोलाहरूमा विराजमान मिथिला विहारी, किशोरीजी लगायतको भगवानको प्रत्यक्ष परिक्रमायै दर्शन गर्न श्रद्धालुहरुको भुइचो आगेका छन् ।

यात्रामा नेपाल र भारतका विभिन्न मठका साधुसन्त र आम श्रद्धालु सर्वसाधारणको सहभागिता रहँदै आएको छ । यात्राको बृहत्तर जनकपुर क्षेत्र विकास परिषद, मार्गमा पर्ने स्थानीय तह र धार्मिक मठहरूले संयोजन, समन्वय गर्दै आएका छन् ।

फागुन औंसीबाट सुरु भई फागुन पूर्णिमाका दिन जनकपुरधामको अन्तरगृह परिक्रमा गरी यो यात्रा सम्पन्न गरिन्छ । यस यात्रामा धनुषामा छ, महोत्तरीमा पाँच र भारतको मधुवनी जिल्लामा चार रात्रि विश्रामस्थलको परम्परा रहँदै आएको छ ।

# मधेश स्वास्थ्य विज्ञान प्रतिष्ठान......

विहीन थियो । जसको कारणले प्रतिष्ठानको कामकाज प्रभावित हुँदै आएको थियो ।

गत फागुन २१ गते स्वास्थ्य मन्त्रालयले उपकूलपतिका लागि डा. साहको नाम एक नम्बरमा राखेर सरकारलाई सिफारिस गरेको थियो ।

स्वास्थ्य मन्त्रालयले प्रतिष्ठानमा उपकुलपति नियुक्तिका लागि १८ असोजमा दरखास्त आह्वान गरेको थियो । जसमा १५ कात्तिकसम्म ९ जनाको दर खास्त परेको थियो ।

डा. रमेशप्रसाद सिंह (सर्लाही), डा.योगेन्द्रप्रसाद सिंह (सर्लाही), डा. पशुपति चौधरी (सुनसरी), डा. राजेन्द्रप्रसाद साह (पर्सा), डा. गौरीशंकर साह (सुनसरी), डा. विद्यानाथ यादव (सप्तरी), डा. रोहितप्रसाद यादव (रौतहट), डा. अंकुरप्रसाद साह (धनुषा) र डा. सुधीरकुमार सिंह (महोत्तरी)ले आवेदन दिएका थिए । तर, लामोसमयदेखि स्वास्थ्य मन्त्रालयले सिफारिस गरेको थिएन ।

नेपाली कांग्रेसका स्वास्थ्य मन्त्री रहेको बिरेन्द्र सिंहले सरकारबाट हट्नु पर्ने अवस्था आएपछि अन्तिममा उनले गत फागुन २१ गते मुख्यमन्त्री कार्यालयमा उपकुलपतिको लागि क्रमिक रुपमा तीनजनाको नाम सिफारिस गरेका थिए । जुन दिन केन्द्रमा समिकरण फेरिएपछि मधेशमा कांग्रेसलाई सरकारबाट हट्नु पर्ने स्थिति सृजना भएको थियो ।

# कुवेतमा गाडीको ठक्करबाट धनुषाका एक जनासहित तीन जनाको मृत्यु

कुवेतमा गाडीको ठक्करबाट धनुषाका एक जनासहित तीन जनाको मृत्यु भएको छ ।

ठक्करबाट भर्याङका सुजन कार्की, अछामका सुरत बहादुर कडायत र धनुषाका धिरज गुर्मछान मगर को मृत्यु भएको हो ।

कुवेतमा गाडीको ठक्करबाट मृत्यु भएका तीनै जनाको शव नेपाल पठाइने भएको छ । पोस्टमार्टम तथा आवश्यक कानुनी प्रक्रिया पुरा गरेर उनीहरुको शव नेपाल पठाउन लागिएको हो ।

कुवेतको महाबुल्ला एरियामा मंगलबार बिहान गाडीको ठक्कर बाट तीन जना नेपालीको ज्यान गएको थियो ।

मृतक तिनै जना पापाजोन कम्पनीमा कार्यरत थिए । उनीहरूको शव पोष्टमार्टमका लागि फरवानिया हस्पिटलमा राखिएको र पोष्टमार्टमपछि शवहरू नेपाल पठाइने दूतावासले जनाएको छ ।

उक्त घटनाबारे श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्री डोल प्रसाद अर्यालले समेत जानकारी लिएका छन् । कुवेतस्थित नेपाली दूतावाससँग मन्त्री अर्यालले मृतक श्रमिक र उनका परिवारको विषयमा जानकारी लिएका हुन् । मन्त्री अर्यालले मृतकको शव नेपाल ल्याउन दूतावास तथा वैदेशिक रोजगार बोर्डलाई आवश्यक पहल गर्न निर्देशन समेत दिए । मृतक श्रमिकको परिवारले पाउने राहत प्रक्रिया समेत अघि बढाउन भनेका हुन् ।

बाटो क्रस गर्ने क्रममा गाडीले ठक्कर दिएको थियो । गाडीको ठक्करबाट तीनै जनाको घटनास्थलमै मृत्यु भएको कुवेती प्रहरीलाई उद्धृत गर्दै नेपाली दूतावासले जनाएको छ ।

हवालीमा बस्दै आएका सुजन र धिरज गत सोमबार राती महाबुल्लास्थित साथी सुरतलाई भेट्न गएका थिए । मंगलबार बिहान रूम फर्किने क्रममा बस चढाउन आएका सुरतसहित तीनै जनालाई कुवेती नागरिकले नै चलाएको गाडीले ठक्कर दिएको थियो । गाडीको ठक्करबाट तीनै जनाको घटनास्थलमै ज्यान गएको थियो ।

-एजेन्सी

# सुगम वर्दिवास नगर भित्रको दुर्गम गाउँको..........

देओस् ।' बेसारे डाँडा आइपुगेपछि स्वर्ग जस्तो वनकुञ्ज र चुरे शृंखलाहरूको मनोरम पहाडलाई दृश्यावलोकन गरेर विचरण गर्न सकिने होटल तथा पर्यटन व्यवसायी संघ महोत्तरीका अध्यक्ष गोपाल कार्की बताउँछन् । उनी भन्छन्, 'यो पहाड अनेकौं सम्भावना लिएर उभिएको छ । जसले डाँडाको फेदीमा रहेका गाउँहरूको रूप रेखा नै परिवर्तन गरिदिन सक्छ ।'

स्थानीयका भनाइमा यो विकट बस्तीमा बस्ने मानिसहरू सिन्धुलीबाट आएका हुन् । कुनैबेला उनीहरू सिन्धुलीको दुधौली, ठुलोपाटन जस्ता ठाउँबाट गोठ लिएर बरडाँडाको उपल्लो क्षेत्रमा आएका थिए । विस्तारै यतै बसोबास गरे र यो बस्ती विकास भयो ।

अहिले वडा नं. १० र ५ मा पर्ने यी दुई गाउँमा झन्डै २२० घर धुरी बसोबास गर्छन् । निर्वाचनको बेलामा मतदान केन्द्र गाउँमै हुन्छ । यी गाउँमा मानिसहरू बसोबास गर्न थालेको लगभग ५० वर्ष भएको स्थानीयहरूको भनाइ छ ।

बर्दिवास नगरपालिकामा यो क्षेत्र पर्ने भए पनि पैदल जाँदा सिन्धुली र लालबन्दी बजार नजिक पर्छन् । उनीहरूले विकल्पको रूपमा मात्रै बर्दिवास बजार प्रयोग गर्दछन् । टुटेस्वर निक्लेर बर्दिवास जानुपर्ने हुँदा टुटेस्वर पुग्न मात्रै यहाँका मानिसलाई झन्डै ४ घन्टा हिंड्नुपर्छ । 'त्यसैले हामीहरू प्रायः लालबन्दी बजार र सिन्धुली जाने गर्दछौं' स्थानीय सम्फना घलानले भनिन्, 'बजार जान पनि एकदेखि दुई दिन माया मार्नुपर्छ ।' टाढा पर्ने भएकोले बजार जाने भनेपछि गाउँमा सल्लाह हुने गर्दछ । अनि उनीहरू प्रायः एकैपटक बजार निस्कन्छन् । वर्षा सुरु हुनुअघि पुग्ने खाद्यान्न जोहो गर्नेतिर लाग्छन् । 'नत्र खोला तरेर जान सकिंदैन, नाकाबन्दीको जस्तै समस्या भोग्नुपर्छ' स्थानीय सुशील थापाले दुःखेसो गर्दै भने, 'अब हिउँदमा ल्याएको खाद्यान्नले बर्खाभरि पुगेन भने अभावमा नै गुजार्नुपर्छ ।'

बर्दिवास नगरपालिका मधेश प्रदेशकै उदाउँदो शहर मानिन्छ । झन्डै ६७ जिल्लाका विद्यार्थीको शैक्षिक गन्तव्य बर्दिवास हुन थालेको छ । भौतिक पूर्वाधारका हिसाबले समेत मधेशकै अग्रणी क्षेत्र मानिने बर्दिवासमा चारतारे होटलसम्म खुलिसकेका छन् । मधेश प्रदेश सरकारका धेरैजसो कार्यक्रमहरू अहिले बर्दिवासमा हुन थालेका छन् ।

तर, यो नगरपालिकाका दुई वटा वडाका दुई बस्तीहरू यति जर्जर र दयनीय विकटतामा छन् भन्दा धेरैलाई अचम्म लाग्छ । स्थानीयका भनाइमा, यो वास्तविकतालाई न प्रदेशले पत्याउँछ न त केन्द्रले । त्यसैले भौगोलिक विकटताले थिलथिलो भएका यी गाउँका कथा उनीहरूलाई काल्पनिक जस्तो लाग्छ ।

'प्रदेश र संघीय सरकारले नपत्याउनु त ठिकै हो, दैलोको स्थानीय सरकारले त पत्याउन सकेको छैन', स्थानीय नेता सोमबहादुर कार्कीले भने ।

### फुसका घरहरू 'होम स्टे' हुनसक्छन्

वडा अध्यक्ष काहरमान स्याइवाले पहाडका फेदीका घर हरूलाई होम स्टेको रूपमा विकास गर्न सकिने योजना अगाडि सारेका छन् । 'तर नगर सरकार सकारात्मक बनेर अग्रसर हुनुपर्ने देखिन्छ' उनले भने, 'पहिले त यो गाउँलाई पहाडको हिरासतबाट मुक्ति दिलाउन गाउँसम्म पुग्ने सहज बाटोको उपाय खोज्नुपर्छ ।'

यसका लागि वरपर देखिने मनोरम वातावरण र मधेशको काखमा रहेको प्राकृतिक भ्यू टावर बेसारे डाँडालाई पर्यटकको हव बनाउनु जरूरी छ । अघिल्लो स्थानीय सरकार ले कार्यकालको अन्त्यतिर आएर सम्भाव्यता अध्ययन अगाडि बढाएको थियो । अहिले त्यसलाई निरन्तरता दिनुपर्ने स्थानीयको सुझाव छ । 'नत्र नागरिक भएर पनि अनागरिक भएर बाँचेका जनताको दुःख जस्ताको तस्तै र हन्छ' उद्योग वाणिज्य संघ बर्दिवासका उपाध्यक्ष सन्तोष सिग्देलले भने ।

दुरुस्त हिमाली क्षेत्रको जस्तो अनुभूति हुने यस ठाउँमा विशेषगरी जनजाति समुदायको बसोबास छ । 'उनीहरूले बनाएको स्थानीय छ्याङ र र क्सी अनि अरू स्थानीय उत्पादनको स्वाद लिन पनि मानिसहरू यहाँ आउन सक्छन् । यसलाई नै प्रवर्द्धन गरेर फुसका घरहरू पर्यटकका लागि एक रात बिताउने शीतल ठाउँ बन्न सक्छन्', बर्दिवासका स्थानीय नागदेव यादवले भने ।

# मधेश स्वास्थ्य विज्ञान प्रतिष्ठानको उपकुलपतिमा डा. अंकुर साह नियुक्त

**खबर दर्पण समाचारदाता**

**चैत्र १ गते, महेन्द्रनगर**



मधेश स्वास्थ्य विज्ञान प्रतिष्ठानका उपकुलपतिमा डा. अंकुर साह नियुक्त भएका छन् ।

स्वास्थ्य मन्त्रालयको सिफारिसमा डा. साहलाई कुलपति समेत रहेका मुख्यमन्त्री सरोजकुमार यादवले बिहीबार उपकुलपति नियुक्त गरेको मुख्यमन्त्री कार्यालयले जनाएको छ ।

प्रतिष्ठानका शिक्षाध्यक्ष समेत रहेका डा. साह प्रतिष्ठानका निमित उपकुलपति थिए । २५ जेठमा प्रतिष्ठानका उपकुलपति डा. रामकेवल साहको निधन भएपछि प्रतिष्ठान उपकुलपति

*बाँकी पृष्ठ ३ मा*

# धनुषाधाम स्थित संरक्षित वनमा भीषण आगलागी





**खबर दर्पण समाचारदाता**

**चैत्र १ गते, महेन्द्रनगर**

धनुषाधाम स्थित संरक्षित वनमा भिषण आगलागि भएको छ। बिहिबार दिउँसो लागेको आगो साँझ मात्र नियन्त्रण लिइएको हो ।

आगो नियन्त्रण गर्न धनुषाधाम नगरपालिका, जनकपुरधाम उपमहागनरपालिका, गणेशमान चारनाथ नगरपालिका र मधेस प्रदेश प्रहरीको वारुण यन्त्रको प्रयोग गरिएको थियो ।

आगो नियन्त्रण गर्न नेपाल प्रहरी, सशस्त्र प्रहरी, नेपाली सेनाको टोली स्थानीय युवा, जनप्रतिनिधि र वन परिषद डिभिजन वन कार्यालय धनुषाले सहयोग गरेका थिए ।

३६५ हेक्टरमा रहेको धनुषाधाम संरक्षित वनमध्ये १५ हेक्टर वन पूर्ण रुपले आगलागीबाट नष्ट भएको धनुषाधाम नगर पालिकाका मेयर बालेश्वर मण्डलले बताए ।

धनुषाधाम संरक्षित वनसँगै रहेको धनुषाधाम बजारमा समेत आगो फैलिन सक्ने सम्भावना बढ्दै गएपछि स्थानियमा त्रास फैलिएको थियो । यद्यपी साँझ सम्म आगो नियन्त्रणमा लिइएथियो ।

# प्रधानमन्त्री 'प्रचण्ड' र उपप्रधान एवं स्वास्थ्यमन्त्री यादवको चरित्र हत्या गरेको आरोपमा दुई पक्राउ

**खबर दर्पण समाचारदाता**

**चैत्र १ गते, महेन्द्रनगर**

प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड' र उपप्रधान एवं स्वास्थ्यमन्त्री उपेन्द्र यादवको चरित्र हत्या गरेको आरोपमा धनुषा प्रहरीले दुई जनालाई पक्राउ गरेको छ।

प्रहरीले जनकपुरधाम-२३ लादोबेलाबाट पंकज झा र मनिष पुर्वेलाई पक्राउ गरेको हो।

धनुषासहित अन्य जिल्लामा प्रधानमन्त्री प्रचण्ड र उपप्रधानमन्त्री यादवको चरित्र हत्या गर्ने गरी पम्पलेट पर्चा टाँसेको आरोपमा दुवै जनालाई बुधवार साँझ पक्राउ गरिएको जिल्ला प्रहरी कार्यालय धनुषाका प्रवक्ता डिएसपी रञ्जन अवाले जानकारी दिए।

डिएसपी अवाले झा र पुर्वेलाई पम्पलेट टाँसेको फुटेजको आधारमा पक्राउ गरिएको बताए।

'उपेन्द्र यादवको असली मालिक को हो? तस्बिरले प्रस्ट पार्छ' उल्लिखत पम्पलेट उनीहरूले टाँस्ने गरेको प्रहरीले बताएको छ।

२६ फागुनमा राति देखिएको यस्तो पम्पलेट टाँस्ने व्यक्तिको खोजी प्रहरीले गरिरहेको थियो। पम्पलेट टाँसिरहेको फुटेज फेला परेपछि उनीहरूलाई प्रहरीले नियन्त्रणमा लिएको डिएसपी अवाले बताए।

पक्राउ परेका दुवै जनामाथि आवश्यक अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ।

झा र पुर्वे राष्ट्रिय एकता अभियानका कार्यकर्ता रहेको बताइएको छ।





## सामाजिक तथा धार्मिक सद्भाव कायम राखौं।

- सामाजिक सद्भावमा आँच आउने वा अन्य पक्षलाई भड्काउने कार्य नगरौं,
- धार्मिक आस्था, विश्वास र संस्कृतिमाथि अनुचित प्रहार एवं धार्मिक विद्रेष फैलाउने नगरौं,
- सामाजिक मर्यादा विपरितका कार्य गर्न उक्साउने वा प्रोत्साहन गर्ने जस्ता कार्य नगरौं
- सामाजिक सद्भाव कायम गरौं, निजी तथा सार्वजनिक जीवनमा असर पार्ने गलत कार्य नगरौं।

**रामगोपालपुर नगरपालिका, महोत्तरी**

## सामाजिक सञ्जाल प्रयोग गर्दा सतर्कता अपनाऔं

सामाजिक सञ्जालमाः

- जातीय, धार्मिक र साम्प्रदायिक सद्भावमा खलल पुर्‍याउने,
- राष्ट्रिय सुरक्षा, राष्ट्रिय एकतामा आँच पुग्ने,
- कुनै व्यक्ति वा संस्थाको प्रतिष्ठा र आत्मसम्मानमा ठेस पुर्‍याउने,
- जातीय भेदभाव, छुवाछुत, श्रमप्रति अवहेलना हुने,
- शान्ति-सुरक्षामा खलल पुग्ने,
- प्रचलित कानुनले रोक लगाएका सामाग्रीहरु प्रकाशन वा प्रदर्शन गर्ने,
- जनमानसमा भ्रम सिर्जना गर्ने,

जस्ता विषयबस्तु पोष्ट वा शेयर गर्नु हुँदैन। त्यस्ता कार्य कानूनतः दण्डनीय हुन्छन।

**नगराईन नगरपालिका, धनुषा**








खबर दर्पण राष्ट्रिय दैनिक प्रकाशनका लागि प्रकाशक/सम्पादक : अजय कुमार साह, (९८४४०२५१८४) कार्यकारी सम्पादक : विशाल बस्नेत (९८६३६३२९८९)
उप-सम्पादक : धर्वेन्द्र कुमार यादव'यदुवंशी' (९८५४०२९०५३) E -mail : khabardarpan.news@gmail.com / ajay.shahjnk@gmail.com
मुद्रक : एएसडी अफसेट प्रेस क्षीनपा-५ महेन्द्रनगर धनुषा, प्रधान कार्यालय : बर्दिबास -३, महोत्तरी र शाखा कार्यालय क्षीनपा - ५ महेन्द्रनगर , धनुषा